बकैया गाउँकार्यपालिकाको मिति २०७७।०५।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. गाउँपालिका दररेट सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाको योजना सञ्चालनका लागि जिल्लाको चालु आर्थिक वर्षको दररेटलाई कायम गर्ने निर्णय गरियो ।साथै भवन निर्माण कार्यका लागि शहरी विकास तथा भवन निर्माण विभागको मापदण्ड र सडक निर्माणका लागि सडक विभागको मापदण्ड पालन गर्ने निर्णय गरियो ।

ईनार खन्ने कामको लागि

१. ० मिटर देखि ३ मिटर गहिराई सम्म रु. १०००।-

२. ३ मिटर देखि ६ मिटर गहिराई सम्म रु. १५००।-

३. ६ मिटर देखि ९ मिटर गहिराई सम्म रु. २५००।-

४. ९ मिटर भन्दा बढि प्रतिमिटर रु. ५०० का दरले वृद्दि हुने ।

**२. चालु आवको योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकाबाट आर्थिक वर्ष २०७६।७७ मा उपभोक्ता समिति मार्फत संचालन गरिने योजना संचालन गर्नको लागि तपशिल वमोजिमको योजना संचालन कार्यतालिका अनुरुप योजना संचालन गर्ने निर्णय गरियो ।

| क्र सं | क्रियाकलाप | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | ज्येठ | असार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन | | | | | | | | | | | | |
| २ | योजनाको सम्झौता | | | | | | | | | | | | |
| ३ | योजनाको कार्यान्वियन तथा फरफारक | | | | | | | | | | | | |

**३. सडक मर्मत सुधार सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाका विभिन्न सडकहरु चालु वर्षको वर्षातमा आएको बाढी पहिरोका कारण क्षति भएकामा ती सडकहरु मर्मत सुधार गरी सवारी आवागमनयुक्त वनाउनका लागि एक्साभेटर तथा ब्याक्हो लोडर घटाघटको दररेटमा भाडामा लिई कार्य गराउने निर्णय गरियो ।

**४. वडा आधारभूत स्वास्थ्य केन्द्रको लागि कर्मचारी नियुक्ती सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाका विभिन्न वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र सञ्चालन गर्नको लागि मिति २०७७।०४।२० गतेको निर्णय अनुसार अहेब १ जना, अनमी ४ जना र कार्यालय सहयोगी ४ जना करारमा नियुक्ती गर्ने निर्णय गरिएकोमा गाउँपालिका अन्तर्गत अहेब पर्याप्त रहेको र अनमी थप आवश्यकता पर्ने देखिएकोमा अनमी ५ जना र कार्यालय सहयोगी ४ जना नियुक्ती गर्ने निर्णय गरियो।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

**५. UNDP का कार्यक्रम सञ्चालनका लागि वडा छनोट सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा UNDP को कार्यक्रम सञ्चालनका लागि यस गाउँपालिका अन्तर्गत महिला सशक्तिकरण तथा गरिबि निवारण समूह नामक संस्था छनौट भएकोमा उक्त संस्थालाई स्वागत गर्दै उक्त कार्यक्रम सञ्चालन गर्नका लागि वडा नं. २,४,६,७,९,१० र १२ गरि ७ वटा वडाहरु छनोट गर्ने निर्णय गरियो ।

**६. १५ शैयाको अस्पताल भवन निर्माण सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेको छतिवन प्राथमिक स्वास्थ्य केन्द्रलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले १५ शैयाको अस्पतालको रुपमा स्वीकृत गरिसकेको तर भवन अभावको कारण सो उद्देश्य अनुसारको प्रतिफल हासिल गर्न नसकिएकोमा सो अस्पताल निर्माणको लागि तपशिल अनुसारको जग्गा प्राप्त भैसकेकोले सम्बन्धित सरोकारवाला निकायहरुमा १५ शैयाको अस्पताल भवन निर्माणको लागि पहल गर्ने निर्णय गरियो ।

| क.सं. | जग्गा कित्ता नं. | जग्गा रहेको स्थान | जग्गाको क्षेत्रफल |
|---|---|---|---|
| १ | १२८९ | बकैया-४, हाल प्रा.स्वा.के. रहेको | १० कट्ठा |
| २ | १२९० | बकैया-४, हाल प्रा.स्वा.के. रहेको | १ कट्ठा ४ धुर |
| ३ | १२८८ | बकैया-४, हाल प्रा.स्वा.के. रहेको | ३ कट्ठा |
| ४ | १२८७ | बकैया-४, हाल प्रा.स्वा.के. रहेको | २ कट्ठा ६ धुर |
| ५ | ऐलानी जग्गा | बकैया-४, हाल प्रा.स्वा.के. ले भोगचलन गर्दै आएको | १० कट्ठा |
| जम्मा क्षेत्रफल | | | २६ कट्ठा १० धुर |

**७. आईसोलेसन निर्माण सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका क्षेत्रमा कोरोना संक्रमितको संख्या बढ्दै गएको र निजहरुको उचित स्याहार तथा उपचारको लागि आइसोलेशन कक्षहरु बनाउन आवश्यक भएको हुदाँ गरगरे र हात्तीसुँड गरि २ स्थानमा बढीमा रु. २३,००,०००।- लागत इस्टमेट प्रति स्थान हुनेगरि सम्बन्धित वजेट शिर्षक तथा नपुग बजेट विविध शिर्षकवाट भुक्तानी आइसोलेशन कक्ष निर्माण गर्ने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

८. ठेक्का व्यवस्थापन सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालित ठेक्काहरुमा वडा कार्यालयहरुको प्रत्यक्ष नियमन बढाउनुपर्ने आवश्यकता भएकोले ठेक्का सञ्चालनको क्रममा तथा कार्य सम्पन्न भए पश्चात भुक्तानीको लागि वडा/वडाहरुको सिफारिश अनिवार्य गर्ने निर्णय गरियो ।

९. सानोथली सडक ग्राभेलिङ्ग सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा चालु आ.व. २०७७।७८ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत घुम्ती जुरेली सडकको लागि समपुरक बजेट लगानी मार्फत कार्य गर्ने प्रयोजनका लागि यस गाउँपालिकाद्वारा रु. ५०,००,०००।- विनियोजन गरिएकोमा ठेक्का मार्फत योजना सञ्चालन गर्ने क्रममा समय धेरै लाग्ने भएको र सो सडकका केही भागमा सडक अत्याधिक बिग्रिएको हुँदा दशै अगावै सो सडक सञ्चालनका लागि केही बजेट लगानी गर्नुपर्ने आवश्यकता भएकोले सोही सडकको सानोथली सडक खण्डमा ग्राभेलिङ्गको लागि रु. ९,७५,०००।- बजेट विनियोजन गरि उपभोक्ता समिति मार्फत योजना सञ्चालन गर्ने निर्णय गरियो ।

१०. गाउँपालिका कार्यालय भवन सडक स्तरोन्नती सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका कार्यालय भवन सडक स्तरोन्नतीका लागि रु. ५०,००,०००।- विनियोजन गरिएकोमा लगत स्टमेटको क्रममा ५५,०१,५४७।६२ लागत लाग्ने देखिएकोमा विद्युतिय ठेक्का मार्फत योजना सञ्चालन गर्ने क्रममा रु.५०,००,०००।- भन्दा बढि लागत लाग्ने भएमा विविध शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

११. हात्तीसुँडे वसन झोलुङ्गे पुल निर्माण सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा हात्तीसुँडे वसन झोलुङ्गे पुल निर्माणका लागि नेपाल सरकारबाट हाल रु. ३०,००,०००।- प्राप्त भएको, यस गाउँपालिकाले रु.१०,००,०००।- विनियोजन गरेकोमा उक्त पुलको लागि कुल बजेट रु.९५,२८,२३२।१२ लाग्ने लगत स्टमेटवाट देखिन आएकोमा संघीय झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमबाट रु.८०,९८,९९७।३०(८५%), समुदायबाट रु.१,९०,५६४।६४(२%) व्यहोरिने र गाउँपालिकाले रु.१२,३८,६७०।१८(१३%) व्यहोर्नुपर्ने भएकोमा नपुग रु. २,३८,६७०।१८ बजेट विविध शिर्षकबाट भुक्तानी गरिने निर्णय गरियो । साथै उक्त योजना सञ्चालनका लागि यस गाउँपालिका कार्यालय, प्राविधिक सहयोग गर्ने राडो नेपाल र उपभोक्ता समितीविच संझौता गर्ने तथा खरिद सम्बन्धि कार्य गाउँपालिका कार्यालयले गर्ने निर्णय गरियो ।

१२. गाउँपालिका कार्यालय भवन तथा सभाहल मर्मत सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका कार्यालय तथा नव निर्मित सभाहल भवनमा फलसिलिङ्ग, पार्टेशन लगायत मर्मत संभारको कार्य गर्नुपर्ने आवश्यकता रहेकाले रु. ५,००,०००।- नबढ्ने गरि विविध शिर्षकबाट भुक्तानी गर्ने गरि दरभाउ पत्र खरिद प्रकृया मार्फत कार्य गराउने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

**१३. भवन निर्माण सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाका सेवा प्रवाह गराउने क्रममा न्यायिक समिति सचिवालय तथा इजलासको लागि कोठाको अभाव भएको तथा अन्य कोठाको समेत आवश्यक रहेकोमा न्यायिक समितीको ईजलास सहितको ३ कोठे भवन निर्माण गर्ने गरियो ।

**१४. कानुनी परामर्श खर्च सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाले विकास निर्माणको कार्य गरिरहेको सिलसिलामा चुनढुङ्गा दरवार सडक खण्डको निर्माणका क्रममा डिभिजन वन कार्यालय मकवानपुर मार्फत हाल जिल्ला अदालत मकवानपुरमा गाउँपालिका अध्यक्ष श्री दामोदर खनाल र प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मण पुडासैनी लगायत विरुद्ध मुद्दा चलिरहेको सम्बन्धमा उक्त मुद्दाको प्रतिवादको क्रममा लाग्ने सम्पुर्ण कानुनी परामर्श तथा अभिवक्ताको पारिश्रमिक सम्बन्धि खर्चहरु गाउँपालिका कार्यलयले नै व्यहोर्ने निर्णय गरियो ।

**१५. कार्यविधि एवं निर्देशिकाहरु पारित सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालनको क्रममा कार्यमा सहजीकरणका लागि तपशिल बमोजिमका कार्यविधि एवं निर्देशिकाहरु आवश्यक परेको हुँदा ती कार्यविधि एवं निर्देशिकाहरु पारित गर्ने निर्णय गरियो ।

१. बकैया गाउँपालिकाको सहकारी एकीकरण कार्यविधि, २०७७
२. बकैया गाउँपालिकाको सहकारी पुरस्कार कार्यविधि, २०७७
३. बकैया गाउँपालिकाको सहकारी संस्था दर्ता निर्देशिका, २०७७
४. बकैया गाउँपालिकाको सहकारी कार्यक्रम सञ्चालन निर्देशिका, २०७७
५. बकैया गाउँपालिकाको स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिका, २०७७
६. बकैया गाउँपालिकाको बालमैत्री कार्यक्रम सञ्चालन निर्देशिका, २०७७
७. बकैया गाउँपालिकाको संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७७

**१६. महेन्द्र माध्यमिक विद्यालय भौतिक निर्माण सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानको लागि नेपाल सरकारबाट नमुना विद्यालयको रुपमा छनौट भएको श्री महेन्द्र माध्यमिक विद्यालय को भौतिक पूर्वाधार निर्माणको लागि १,५०,००,०००।- सशर्त अनुदान प्राप्त भएको र जसमध्ये ई-टेण्डर मार्फत गाउँपालिका कार्यालयले रु. ८३,५५,५१८।- आठकोठे भवनको लागि ठेक्का संझौता गरि कार्य भईरहेको तथा कार्यपालिकाको मिति २०७७।०३।०५ गतेको बैठकको निर्णय अनुसार बाँकी रु. ६६,४४,४८२।- रकम विद्यालयको अन्य भौतिक पूर्वाधार निर्माणमा नै लगाउनको लागि विद्यालयको खातामा उपलब्ध गराईएकोमा उक्त रकम बाट ४ कोठे भवन निर्माण गर्ने भनि इस्टमेट भएको र उक्त भवन निर्माण गर्न घडेरीको व्यवस्थापन गर्नुपर्ने र वाल समेत निर्माण गर्न आवश्यक भएको हुँदा सो को समेत ईस्टमेट गराई कार्य गराउँने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

**१७. गणक तथा सुपरीवेक्षकको पारिश्रमिक सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा आ.व. २०७६।०७७ को नेपाल सरकारको सशर्त कार्यक्रम "गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम" मा यस गाउँपालिकामा १ जना सुपरीवेक्षक र ७ जना गणक करारमा लिई सो कार्यक्रम सुरु गरिएकोमा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारण नेपाल सरकारवाट तोकिएको लकडाउनले गर्दा उक्त कार्यक्रममा समेत असर पारेकोले तोकिएको समयमा कार्य सम्पन्न नभएको हुँदा केहि गणकहरुलाई चेक काटेपनि भुक्तानी रोकीराखेको र पुनः श्रावण २६ गतेबाट बैंकको समेत सेवा बन्द हुने गरि स्थानीय प्रशासनले निशेधाज्ञा गरेकोले चेक भुक्तानी दिन नसकेको हुनाले उक्त पारिश्रमिक आ.व. २०७७।०७८ को स्वीकृत कार्यक्रमबाट दिने निर्णय गरियो । साथै सुपरीवेक्षकको हकमा निजले हालसम्म पनि नियमित कार्य गरिरहेका र यस चालु आ.व. २०७७।०७८ को लागि समेत सो शिर्षकमा रु. ३ लाख वजेट विनियोजन भएकोमा २०७७ श्रावण १ गतेदेखि लागु हुने गरि २०७७ भाद्र मसान्त सम्मको लागि साविक बमोजिमको सेवा शर्त अनुसार नै हुने गरि करार सेवा म्याद थप गर्ने तथा साबिकको सेवा सुविधा अनुसार हुने गरि पारिश्रमिक भुक्तानी गर्ने निर्णय गरियो।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner